STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेन्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक ५ गते शुक्रबार ❑ 22 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मन्त्रालयको अनुगमनमा मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ कार्तिक**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बिहीबार प्रदेशका मन्त्रालयहरुको स्थलगत अनुगमन गरेका छन् । पोखरेल नेतृत्वमा सरकार गठनभएसँगै मन्त्रालय थप हुँदा भौतिकदेखि जनशक्ति व्यवस्थापनमा देखिएका समस्याबारे जानकारी लिन र समाधानको पहलका लागि मुख्यमन्त्री पोखरेलले अनुगमन गरेका हुन् । प्रथम चौमासिकको अहिलेसम्मको मन्त्रालयगत प्रगतिबारे लिँदै उनले उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी उपलब्धि हासिल गर्न कर्मचारीलाई निर्देशन समेत दिएका छन् ।



मुख्यमन्त्री पोखरेलले बिहीबार भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वन, वातावरण तथा भूसंरक्षण मन्त्रालयको अनुगमन गरेका हुन् । सुरुमा ७ वटा मन्त्रालय रहेकामा पछि युवा तथा खेलकुद मन्त्रालय थप गरेर ८ वटा बनाइएको थियो । अहिले प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसहित ११ मन्त्रालय छन् । दसैं अगाडि बिना विभागीय मन्त्रीमा डोबाटे विश्वकर्मा नियुक्त भएका छन् । उनी मुख्यमन्त्री कार्यालयमै बहाली गरेका छन् । साढे ३ वर्ष अगाडि अस्तित्वमा आएको प्रदेश सरकारले जिल्लास्तरमा समेत आफ्ना संरचना विस्तार गर्दै गएको छ। नयाँ स्थापना भएका मन्त्रालयहरु भवनको अभावमा साँघुरो गरी सञ्चालनमा आएका छन् । सकेसम्म सरकारी भवनहरु नै खोज्ने नभए भाडामा भए पनि सञ्चालन गरी व्यवस्थापन गरिने मुख्यमन्त्री पोखरेलले बताएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य निर्देशनालयको भवनमा राखिएको छ । पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको भवनमा राखिएको छ। ४ वटै मन्त्रालयको अनुगमनका क्रममा मुख्यमन्त्री पोखरेलले राजनीतिक परिवर्तनसँगै नयाँ बनेको सरकारलाई सफल बनाउने जिम्मा कर्मचारीमा रहेको बताए । उनले भने, 'राजनीतिकर्मीको भिजनलाई नियमसँगत रुपमा मुर्तरुप दिने कर्मचारीले नै हो, तपाईंहरुले काम गर्ने क्रममा भोगेका असहजतालाई चिर्न हामी तयार छौं, बिना संकोच काम गर्नुहोला ।' संघीय संरचना अस्तित्वमा आएसँगै देखिएका कानुनी जटिलता चिर्न सरकारले संघसँग लबिङ गरिरहेको भन्दै प्रदेशले बनाएका कानुनमा समेत आवश्यक परिमार्जनका लागि सरकारी जुटेको जानकारी गराए।

भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय अनुगमनपछि मुख्यमन्त्री पोखरेलले नागरिकले प्रत्यक्ष अनुभूति गर्न काम यसै मन्त्रालय मातहतका कार्यालयबाट सम्पादन हुने भएकाले त्यही अनुसार संवेदनशील भएका काम गर्न निर्देशन दिए। 'नागरिकका अपेक्षा धेरै छन्, बजेटको सिमितता छ, प्रथम चौमासिकपछि केन्द्रबाट पनि बजेट थप भएर आउँछ, त्यसै अनुसार काम हुनेनै छ,' उनले भने ।

भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्काले पहिलो चौमासिकमा सम्पादन गर्नुपर्ने अधिकांश काम भइसकेको भन्दै तीब्रगतिमा मन्त्रालय कार्य गरिरहेको बताए । नागरिकसँग प्रत्यक्ष जोडिएका यातायात कार्यालयमा विकृति रहेको स्वीकार गर्दै उनले यी कार्यालयलाई विचौलियारहित बनाउनका लागि आफू लागी पर्ने प्रतिबद्धता जनाए।

प्रदेश सरकार स्थापना भएदेखि नै सुरु भएका बहुवर्षे योजनाको दायित्व बढ्दै जाँदा काम गर्न असहज भएको भन्दै उनले लक्ष्य अनुसारको राजश्व संकलनमा जोड दिनुपर्ने बताए । आफूले मन्त्रालय सम्हालेका दिनदेखि नै योजना माग गर्न आउनेको संख्या अत्यधिक रहेको भन्दै उनले भने, 'योजना संकलनमै दिन बित्ने गरेको छ, यी सबैलाई समेट्ने हो भने त ४/५ वर्षको बजेटले पनि पुग्दैन।' उक्त अवसरमा मन्त्रालयका सचिव रामचन्द्र श्रेष्ठले मन्त्रालयले हालसम्म गरेका कार्यको विवरण र देखि परेका समस्याका बारेमा प्रस्तुति राखेका थिए।

पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अनुगमनपछि

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## कांग्रेस सुधारको बाटोमा अगाडि बढेको छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, ४ कार्तिक**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कांग्रेस सुधारको बाटोमा अगाडि बढेको बताउनुभएको छ।

नेपाली कांग्रेस भिमाद नगर समितिले बिहीबार आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले कांग्रेस सुधारको बाटोमा अगाडि बढ्न खोजेको आभाष हुन थालेको बताउनुभयो । "कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत देशभर महाअभियान चलिरहेको छ", वरिष्ठ नेता पौडेलले भन्नुभयो, "कांग्रेसमा लहर आएको छ, यसले नेपालमा लोकतन्त्रको भविष्य सुनिश्चित छ भन्ने आभाष हुन थालेको छ।" उहाँले तल्लो तहबाटै कांग्रेसमा आकर्षण बढेको उल्लेख गर्दै कांग्रेसलाई सुधार र सिद्धान्तको बाटोमा अगाडि बढाउने सङ्कल्प देखा परेको छ भन्नुभयो । वरिष्ठ नेता पौडेलले भन्नुभयो, "सुदूरपश्चिमदेखि पूर्वसम्म, हिमालदेखि तराईसम्म कांग्रेसमा नयाँ जागरण देखा परेको छ। यसले निश्चय नै नेपालको राजनीति, लोकतान्त्रिक मान्यता र परिवर्तनलाई संस्थागत गर्न सहयोग पुग्छ।" उहाँले दुई तिहाई मत प्राप्त कम्युनिष्ट पार्टी विभाजित भए पनि कांग्रेस त्यत्तिकै ढुक्क हुने अवस्था नरहेको बताउनुभयो । "कांग्रेसको प्रमुख विपक्षी कम्युनिष्ट पार्टी हो", उहाँले भन्नुभयो, "अरु फुटे भनेर हामी रमाउने होइन, हामीले आफ्नो सङ्गठन बलियो बनाउनुपर्छ । हामी आफैमा सजग र प्रतिबद्ध भएर अगाडि बढ्नुपर्छ।" तनहुँका दशवटै पालिकाबाट विजयी भएर आएका सबै नेता तथा कार्यकर्तामा आफ्नो अनुहार देखेको भन्दै वरिष्ठ नेता पौडेलले यो वा त्यो भनेर कित्ता छुट्याउन नहुनेमा जोड दिनुभयो। "कांग्रेसलाई लोकतान्त्रिकरण र रुपान्तरण गर्ने उत्साह लिएर निर्वाचित भएर आएका सबैमा मैले मेरो अनुहार देखेको छु," उहाँले भन्नुभयो । नेपाली कांग्रेस तनहुँका सभापति बैकुण्ठ न्यौपानेले राजनीतिलाई व्यवस्थित गर्ने अभियानमा लाग्नुपर्नेमा जोड दिनुभयो । नेपाली कांग्रेस तनहुँका कार्यवाहक सभापति जितप्रकाश आलेले विचार र प्रेरणाको स्रोत बिपी कोइरालापछि रामचन्द्र पौडेल भएको दाबी गर्दै कार्यकर्ताले नेता छान्दा मूल्याङ्कन गर्नुपर्ने र १४औं महाधिवेशनमा सही नेतृत्व छनोट गर्न आग्रह गर्नुभयो । नेपाली कांग्रेस भिमाद नगरसमितिका सभापति अरविन श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा कांग्रेस क्षेत्रीय सभापति किसान गुरुङ, राष्ट्रियसभा सदस्य प्रकाश पन्थ लगायतले सम्बोधन गर्नुभएको थियो।

## एमालेको महाधिवेशन चितवनमा, थापाको नेतृत्वमा मूल व्यवस्थापन कमिटी

**रासस**
**काठमाडौं, ४ कार्तिक**

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले पार्टीको दशौं राष्ट्रिय महाधिवेशन बाग्मती प्रदेशको चितवनमा गर्ने निर्णय गरेको छ।

यसअघि सो महाधिवेशन लुम्बिनी प्रदेशको बुटलवमा हुन सक्ने जनाइएकामा पार्टीको आठौं महाधिवेशन पीन सोही स्थानमा भएकाले फरक स्थानमा गर्न माग उठेको थियो । आगामी मङ्सिर १० देखि १२ गतेसम्म नयाँ नेतृत्व चयनका लागि महाधिवेशन तय गरिएको छ । पार्टीको बाग्मती प्रदेश अधिवेशन आयोजक कमिटीको बुधबारको बैठकले आफ्नो प्रदेशमा महाधिशन गर्न नेतृत्वलाई आग्रह गरेको थियो । एमालेको बिहीबार भएको स्थायी कमिटी बैठकले उक्त महाधिवेशन सम्पन्न गर्न नेता एवं बाग्मतीका इञ्चार्ज रामबहादुर थापाको नेतृत्वमा २१ सदस्यीय मूल व्यवस्थापन कमिटी गठन पनि गरेको पार्टी प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिनुभयो । व्यवस्थापन कमिटीमा योगेशकुमार भट्टराई, सुरेन्द्र पाण्डे, विष्णु रिमाल, काशीनाथ अधिकारी, डा राजन भट्टराई, देवी ज्ञवाली, विनोद श्रेष्ठ, सीता पौडेल, आनन्द पाखरेल, कपिल पोखरेल, विष्णुभक्त पोखरेल, पार्वती रावलसहित सात वटै प्रदेश र सम्पर्क कमिटीका प्रतिनिधि रहने छन् ।

आमरुपमा तोकिएकै मितिमा वडा र स्थानीय पालिकाको अधिवेशन हुने र बाढी पहिराबाट प्रभावित स्थानमा केही पर सर्न सक्ने प्रवक्ता ज्ञवालीले जानकारी दिनुभयो । एमालेले वडास्तरमा यही कात्तिक ६ र पालिकास्तरमा कात्तिक ९ गते अधिवेशन गर्ने तय गरेको छ। सो पार्टीको १० बुँदे प्रस्ताव कार्यान्वयनका क्रममा सहजीकरण कार्यदलको बैठक बिहीबार सम्पन्न भएको र त्यसका संयोजक डा भीमबहादुर रावलले शुक्रबार हुने स्थायी कमिटी बैठकमा सुझाव प्रस्तुत गर्ने जनाइएको छ । प्रवक्ता ज्ञवालीले भन्नुभयो, 'अधिकांश स्थानमा १० बुँदे प्रस्तावको कार्यान्वयन भएको छ, यो सिङ्गो पार्टीको प्रस्ताव हो, ९५ प्रतिशत कार्यान्वयन भइसकेको छ, समस्या भएका स्थानबारे निर्णय गर्नुपर्ने भएमा स्थायी कमिटीमा प्रस्ताव ल्याउन सकिन्छ, यसमा मात्रै अल्झिएर पार्टीका कामलाई अवारोध नगरौं भन्ने आग्रह हो।'

नेकपाको नामसम्बन्धी विवादको रिटमा गत फागुन २३ गतेको सर्वोच्च अदालतको फैसलाबाट एमाले र नेकपा (माओवादी केन्द्र) बीचको २०७५ जेठ ३ मा भएको एकता कायम नरहेपछि एमालेभित्र पूर्ववत् संरचनाका विषयमा मतभेद उत्पन्न भएपछि एमालेका तत्कालीन नेता माधवकुमार नेपाललगायतले असन्तुष्टि जनाएपछि अध्यक्ष केपी शर्मा ओली र नेपालको सहमतिमा नेताहरु डा रावल, सुवाचन्द्र नेम्वाङसहिति १० नेता सम्मिलित कार्यदलले गत असार २७ गते

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## माओवादीले तोक्यो ३२ विभागका प्रमुख

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ कार्तिक**

नेकपा (माओवादी केन्द्र)ले विभाग र प्रतिष्ठानको प्रमुखको टुङ्गो लगाएको छ।

पार्टी कार्यालय पेरिसडाँडामा बिहीबार बसेको स्थायी समिति बैठकले ३२ विभाग र एक प्रतिष्ठानको नेतृत्व टुङ्गो लगाएको पार्टी प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिनुभयो । अर्थ तथा योजना विभागका प्रमुखमा वर्षमान पुन रहनुभएको छ । यस्तै उद्योग विभागमा वामदेव क्षेत्री, उपभोक्ता हित तथा आपूर्ति विभागका प्रमुखमा मातृकाप्रसाद यादव, कृषि तथा भूमिसुधार विभागमा हरिबोल गजुरेल, कोष तथा आर्थिक व्यवस्थापन विभागमा डोरप्रसाद उपाध्याय, खानेपानी तथा सरसफाइ विभागको प्रमुखमा बिना मगर रहनुभएको छ।

यस्तै जलस्रोत, सिँचाइ तथा ऊर्जा विभागमा लीलामणि पोखरेल, निर्वाचन विभागमा खिमलाल देवकोटा, कानुन, न्याय तथा मानवअधिकार विभागमा मुक्ति प्रधान, पर्यटन प्रवर्द्धन तथा नागरिक उड्डयन विभागमा झक्कुप्रसाद सुवेदी, प्रचारप्रसार तथा प्रकाशन विभागमा कृष्णबहादुर महरा, प्रादेशिक मामिला विभागको प्रमुखमा परशुराम तामाङ रहनुभएको छ । स्कुल विभागमा प्रमुख गिरिराजमणि पोखरेल तोकिनुभएको छ।

स्कुल विभागको इन्चार्जमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' रहनुभएको छ । पुस्तकालय तथा अभिलेख विभागमा नारायणप्रसाद शर्मा, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभागमा हरि अधिकारी, युवा तथा खेलकुद विभागमा गणेशमान पुन, राजकीय मामिला तथा सुशासन विभागमा रेखा शर्मा, वन तथा वातावरण विभागमा शक्ति बस्नेत, विज्ञान तथा प्रविधि विभाग गणेश साह र विदेश मामिला विभागमा नारायणकाजी श्रेष्ठ रहनुभएको छ।

यस्तै शिक्षा तथा मानव स्रोत विभागमा मायाप्रसाद शर्मा, श्रम तथा रोजगार विभागमा रामेश्वर राय यादव, सङ्गठन विभागमा जनार्दन शर्मा, सङ्घीय संसदीय विभागमा देवप्रसाद गुरुङ, समाज कल्याण विभागमा सत्या पहाडी, सहकारी तथा गरिबी निवारण विभागमा धर्मदत्त देवकोटा, सहरी विभागमा देवेन्द्र पौडेल, सामान्य प्रशासन विभाग टेकबहादुर बस्नेत, साहित्य, कला तथा संस्कृति विभागमा गोपाल ठाकुर, स्थानीय तथा विकास विभागमा उर्मिला अर्याल र स्वास्थ्य तथा जनसङ्ख्या विभागमा कल्पना धमलालाई संयोजक तोकिएको प्रवक्ता महराले जानकारी दिनुभयो।

सबै विभागमा बढीमा ३५ जना सदस्य रहनेछन् । बैठकले नीति तथा अनुसन्धान प्रतिष्ठानको पनि गठन गरेको छ । प्रतिष्ठानको अध्यक्षमा रामचन्द्र झा हुनुहुन्छ । विपद् व्यवस्थापन विभाग गठन गर्न बाँकी रहेको उहाँले बताउनुभयो । बैठकले डिलाराम आचार्यको संयोजकत्वमा १७५ सदस्यीय सम्पर्क समितिसमेत गठन गरेको छ । राजधानीमा रहेका विभिन्न प्रदेशका पार्टी सदस्यलाई सङ्गठित गर्ने उद्देश्यले सम्पर्क कमिटीको गठन गरिएको उहाँले बताउनुभयो।

## बाढीपहिरोमा मृत्यु हुने १०१ पुगे, ४१ बेपत्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ कार्तिक**

पछिल्लो समयमा परेको भारी वर्षापछि आएको बाढीपहिरो र डुबानमा परी देशका विभिन्न जिल्लाका १०१ जनाको मृत्यु भएको छ।

प्रहरी प्रधान कार्यालयका अनुसार बाढीपहिरोमा परी प्रदेश-१ मा ६०, वाग्मतीमा एक, कर्णालीमा सात, सुदूरपश्चिममा ३१ र लुम्बिनी प्रदेशमा दुई गरी जम्मा १०१ जनाको मृत्यु भएको हो।

प्रहरीले दिएको विवरणअनुसार प्रदेश-१ मा १९, कर्णालीमा ४ र सुदूरपश्चिममा १७ गरी ४० जना घाइते भएका छन् । घाइतेको स्थानीय अस्पताल उपचार भइरहेको छ। बाढीपहिरोमा परी प्रदेश-१ मा १३, प्रदेश-२ मा एक, लुम्बिनीमा तीन, कर्णालीमा एक र सुदूरपश्चिम प्रदेशमा २३ गरी जम्मा ४१ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी रहेको प्रहरी प्रवक्ता वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले जानकारी दिनुभयो।

बाढीका कारण जम्मा दुई हजार २३२ वटा घर डुबानमा परेका छन् । बाढी पहिरोले ४९ घर, आठ गोठ, छ वटा पुल र तीन वटा सरकारी कार्यालयमा क्षति पुगेको जनाइएको । अहिलेसम्म १३९ पशु चौपायको मरेका छन् । उक्त अवधिमा विपद्का घटनाबाट एक हजार १७७ परिवार विस्थापित भएका छन् ।

साथै बाढीपहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका मानिसलाई सुरक्षित स्थानमा सार्ने र पहिरामा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने कामसमेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा प्रहरीले गरिरहेको छ । विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य पनि जारी रहेको जनाइएको छ।



# देशभरिका बालबालिकालाई भिटामिन 'ए' खुवाइँदै

रासस

काठमाडौं, ४ कार्तिक

देशभरिका बालबालिकालाई यही कात्तिक ७ गतेदेखि भिटामिन 'ए' निःशुल्क खुवाउन थालिएको छ।

छ महिनादेखि ५९ महिनाका करिब २७ लाख बालबालिकालाई यही कात्तिक ७ र ८ गते भिटामिन 'ए' खुवाउन थालिएको हो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम अन्तर्गत छ महिनादेखि ५९ महिना उमेरसमूहका बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल खुवाउन थालिएको छ । सधैँ कात्तिक ३ र ४ गते भिटामिन 'ए' खुवाउँदै आएकामा दसैँ परेकाले कात्तिक ७ र ८ गते खुवाउन थालिएको मन्त्रालयले जनाएको छ। स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख केदार पराजुलीले भिटामिन 'ए' छ महिनादेखि ११ महिनासम्मका बालबालिकालाई एक लाख युनिट र १२ देखि ५९ महिनासम्मका बालबालिकालाई दुई लाख युनिट खुवाइने छ । सोही अवसरमा १२ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई जुकाको औषधिसमेत खुवाइने छ।

२०० मिलिग्राम एकदेखि दुई वर्षका बालबालिकालाई र ४०० मिलिग्राम दुईदेखि पाँच वर्षसम्मका बालबालिकालाई अल्वेन्डाजोल (जुका)को औषधि खुवाइने छ । पोषण शाखा प्रमुख पराजुलीले 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमका लागि भिटामिन 'ए' क्याप्सुल ३० लाख क्याप्सुल र अल्वेन्डाजोल २५ लाख ट्याब्लेट वितरण गरिने छ । जुकाको औषधि २४ लाख बालबालिकाले खानेछन् । छ महिनादेखि ५९ महिनासम्मका बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि सरकारले विसं २०५० बाट भिटामिन 'ए' कार्यक्रम सञ्चालन गर्दै आएको छ। जुकाको औषधि विसं २०५६ बाट खुवाउन थालिएको हो । 'राष्ट्रिय भिटामिन 'ए' कामर्यक्रम सञ्चालनका लागि २५ हजार स्वास्थ्यकर्मी र ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरिने उहाँले बताउनुभयो। मन्त्रालयले भिटामिन 'ए' खुवाउन लैजाँदा अभिभावकलाई कोरोना भाइरसको सङ्क्रमणबाट जोगिन जनस्वास्थ्यका मापदण्ड पालना गर्न आग्रह गरेको छ। मन्त्रालयले वितरण केन्द्रमा भीडभाड नगर्न, एक व्यक्ति र अर्को व्यक्तिबीच कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्न, आफ्नो र बालबालिकाको सुरक्षाका लागि अनिवार्यरूपमा मास्कको सही तरिकाले प्रयोग गर्न र साबुनपानीले पटक-पटक हात धुन र स्यानिटाइजरको प्रयोग गर्न आग्रह गरिएको छ।

# समाजसेवी गौरीमाया घिमिरेको निधन

पोखरापत्र संवाददाता

पोखरा, ४ कार्तिक



रूपा गाउँपालिका देउरालीस्थित समाजसेवी गौरीमाया घिमिरेको निधन भएको छ । 'देउराली आमा' का नामले परिचित गौरीमायाको कार्तिक १ गते सोमबार बिहान ६ बजे ६४ वर्षको उमेरमा मृत्यु भएको हो।

वि.सं. २०१४ साल असोज २९ गते कास्कीको मञ्ज्याङकोट बसौला परिवार उनको जन्म भएको थियो । उनी अमरबहादुर घिमिरेसँग २०३१ सालमा वैवाहिक जीवनमा बाँधिएकी थिइन । रूपा गाउँपालिका देउराली स्वास्थ्य चौकीमा ३ दशक स्वास्थ्यकर्मीका रूपमा काम गरेकी घिमिरेले हातेमालो आमा समूह, खानेपानी, वन, सडक उपभोक्ता समितिमा रहेर सामाजिक सेवा गरेकी थिइन। गौरीमाया केही समयदेखि दम रोगले आक्रान्त थिइन। उनका एक छोरा रमेश घिमिरे बुहारी प्रतीक्षा कार्की, छोरी सरु घिमिरे, कमला घिमिरे, श्रीमान अमरबहादुर घिमिरे, दुई नाती र दुई नातिनी छन्।

पोखराको मणिपाल शिक्षण अस्पतालमा आयोजित श्रद्धाञ्जली सभामा नेपाली काँग्रेस कास्कीका पूर्व सभापति तथा पूर्व कानुन, न्याय तथा संसदीय मामिला मन्त्री यज्ञबहादुर थापाले पार्टीको झण्डा ओढाएर श्रद्धान्जली दिएका थिए। पोखरा उपत्यका नगरविकास समितिका पूर्व अध्यक्ष प्रकाशमोहन खनालले नेपाली काँग्रेस पार्टीलाई माया गर्ने र गुन लगाउने आमा गुमाएकोमा समवेदना व्यक्त गरेका गरे । रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा श्रद्धाञ्जली सभामा सरिक थिए । नेपाली काँग्रेसका पूर्व महामन्त्री, पूर्व सभामुख, पूर्व कानुन, न्याय तथा संसदीय मामिला मन्त्री तारानाथ रानाभाटले सतिघाट पुगेर गौरीमायालाई श्रद्धाञ्जली दिँदै 'दुःखका दिनमा पार्टी र कार्यकर्तालाई निस्वार्थ सहयोग गर्ने' क्रियाशील सदस्यलाई नेपाली काँग्रेसले स्मरण गरिरहने बताए।

आमाले दसैंको टीकाका दिन विदेशमा रहेका दाइ आउन नभ्याए तिमीले नै मलाई दागबत्ती दिनु र क्रिया गर्नु कान्छी भनेकाले आफू १३ दिन नै क्रियामा बस्ने छोरी कमला घिमिरेले बताइन । उनको बुधबार गगनगौंडा सतिघाटमा हिन्दु परम्पराअनुसार दाहसंस्कार गरिएको र छोराछोरी दुवै क्रियामा रहेका पारिवारिक स्रोतले जानकारी दिएको छ।

# अवरुद्ध सिद्धार्थ राजमार्ग चालु

पोखरापत्र संवाददाता

स्याङ्जा, ४ कार्तिक

अविरल वर्षासँगै आएको पहिरोका कारण बिहीबार बिहानदेखि अवरुद्ध बनेको सिद्धार्थ राजमार्ग चालु भएको छ।

उक्त राजमार्गअन्तर्गत पोखरा-स्याङ्जा सडकखण्ड अहिले बिहान १०:३० बजे दुईतर्फी नै सञ्चालनमा आएको स्याङ्जा जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता राजेन्द्रप्रसाद अधिकारीले जानकारी दिनुभयो। स्याङ्जाको फेदीखोला गाउँपालिका-२ भालुपहाडमा बिहीबार बिहान ३:३० बजेतिर पहिरो खसेकाले अवरुद्ध भएको सडक सडक विभाग र पुतलीबजार नगरपालिकाको सहयोगमा सञ्चालनमा ल्याइएको हो। उक्त ठाउँमा सडक विस्तार गर्ने क्रममा भित्तो कटान गरिएकाले समय समयमा पहिरो झरेर सडक अवरुद्ध हुँदै आएको छ। ठूला-ठूला चट्टानसहितको पहिरो झरेकाले झण्डै सात घण्टापछि सडक पूर्णरूपमा खुलाइएको प्रहरी प्रवक्ता अधिकारीले जानकारी दिनुभयो । सडक अवरुद्ध हुँदा रोकिएका सयौँ सवारीसाधन गन्तव्यतर्फ लागेका छन्।

# मनाङमा बलिउड चलचित्र 'उचाइ' छायाङ्कन

पोखरापत्र संवाददाता

मनाङ, ४ कार्तिक

नेपालका विभिन्न स्थानमा भारतीय चलचित्र 'उचाइ'को छायाङ्कन गत ४ अक्टोबरदेखि भइरहेको छ। काठमाडौँमा दुई दिनको छायाङ्कन सकाएपछि टोली यहाँ आएको जनाइएको छ।

चलचित्रमा माथिल्लो मनाङ क्षेत्रलगायत लुक्ला, नाम्चेजस्ता विभिन्न ठाउँका रमणीय दृश्यलाई कैद गरिने छ । सो चलचित्र अमिताभ बच्चन, डेनी डेन्जोङ्पा, अनुपम खेर, बोमन इरानी, परिणीति चोपडालगायतका कलाकारको अभिनय छ। नेपालमा अमिताभ बच्चन भने आउनुभएको छैन । स्वास्थ्यले साथ नदिएका कारणले उहाँ आउन नसकेको 'मुभिमेकर'का एक सदस्यले बताउनुभयो । छायाङ्कनका क्रममा अमिताभको नक्कलसँगै अनुपम खेर र बोमन इरानी देखिनुभएको छ। चार जनाको मित्रताका कथामा आधारित चलचित्रमा नेपालको हिमाली भेगमा बसोबास गर्ने डेनीसँग जोडिएर सुरु हुने जनाइएको छ । अमिताभको नक्कल (डुप्लिकेट)को भूमिका राजा चौधरीले निभाइरहनुभएको बताइएको छ । बलिउडको प्रसिद्ध ब्यानर राजश्री प्रोडक्सनले निर्माण तथा सुरज बडजात्याको निर्देशनमा सो चलचित्र निर्माण भइरहेको छ। नेपालमा ४० देखि ४५ दिन छायाङ्कन सेड्युल रहेको नेपालको लाइन प्रोड्युसर कम्पनी थ्री ह्विलर्स फिल्मस्का सुरज आचार्यले जानकारीदिनुभयो । चलचित्रको लागि नेपालका प्रोडक्सन म्यानेजर अरुण रेग्मी रहनुभएको छ। हिमाली भेगमा छायाङ्कनका लागि ट्रेकिङ गाइड तिलकराम राईले सहयोग गरिरहनुभएको पर्यटन व्यवसायी विनोद गुरुङले जानकारी दिनुभयो।

कोभिड-१९ र गत असार १ मा आएको बाढीपहिराका कारण आवतजावत ठप्प रहेको जिल्लामा विश्वकै सिने जगत्मा ठूलो मानिने बलिउड चलचित्र छायाङ्कन भइरहेको छ । माथिल्लो मनाङको मनाङ डिस्याङ गाउँपालिका वरपरका विभिन्न स्थानमा चलचित्र छायाङ्कन गरिने जनाएको उहाँले बताउनुभयो । जिल्लामा चलचित्र छायाङ्कनका लागि उपयुक्त स्थान भए/नभएको अवलोकनका लागि गत भदौ २३ गते चलचित्र निर्माता, निर्देशक तथा छायाँकारहरूको टोली आएका थिए। यस चलचित्र छायाङ्कनले कोभिडले गर्दा थला परेको पर्यटन व्यवसाय क्षेत्रलाई सहयोग पुग्ने र चलचित्र प्रदर्शनपश्चात् मनाङमा भारतीय पर्यटक तथा चलचित्र निर्माणमा आकर्षण बढ्न सक्ने अनुमान गरिएको छ।

## एमालेको...

सहमतिका लागि १० बुँदे प्रस्ताव तयार गरेको थियो।

नेता नेपालले उक्त प्रस्तावपछि पनि थप सहमति माग गरेपछि एमाले विभाजन गर्नुभएको थियो भने डा रावललगायत नेता मूल पार्टीमा कायम हुनुहुन्छ। एमालेको गत भदौ ८ गतेको स्थायी कमिटी र भदौ १० गते भएको केन्द्रीय कमिटीको बैठकले १० बुँदे प्रस्तावलाई रचनात्मक कार्यान्वयन गर्ने निर्णय गरेको थियो। सोहीअनुसार एमालेले पार्टीका केन्द्रीय कमिटी, निकाय, प्रदेश समन्वय कमिटी, जिल्ला कमिटी, स्थानीय तह कमिटी जनसङ्गठनलगायत सबै कमिटीमा रहेका पदाधिकारीलाई २०७५ जेठ २ गतेपूर्वको जिम्मेवारीमा क्रियाशील हुन निर्देशन दिएको थियो । दश बुँदे प्रस्तावमा आधारित निर्णय कार्यान्वयन गर्ने क्रममा उत्पन्न हुन सक्ने समस्या समाधान तथा केन्द्रीय कमिटीमा मनोनयन गरिने १० प्रतिशत सदस्यको सिफारिस गर्न एक कार्यदल गठन गरिएको छ। सो पार्टीले २०७५ साल जेठ २ गते सदस्यतालाई आधार मानेर एकीकरणका क्रममा आवद्ध भएका सदस्यसमेतको पार्टी सदस्यता नवीकरण अगाडि बढाइने र २०७५ जेठ ३ गतेपछि दिइएका नयाँ सदस्यको पनि नवीकरण गर्ने तय गरिसकेको छ।

बैठकले गत असोज १५ देखि १७ गतेसम्म ललितपुरको गोदावरीमा सम्पन्न पार्टीको प्रथम विधान महाधिवेशन भव्य र ऐतिहासिक भएको ठहर पनि गरेको छ । सो महाधिवेशनले विचार तथा नीतिमा सर्वसम्मति हुनाका साथै भावनात्मक एकतासहित पार्टीमा नयाँ ऊर्जा प्रदान गरेको प्रवक्ता ज्ञवालीले बताउनुभयो । सो महाधिवेशनले राजनीतिक प्रतिवेदन, विधान संशोधन र सङ्गठनात्मक प्रस्तावमा छलफल गरी पारित गरेको थियो। पारित विधानलाई पार्टीले प्रकाशन गरी तल्ला कमिटीमा पठाइसकेको छ।

## मन्त्रालयको...

मुख्यमन्त्री पोखरेलले छोटो समयमा मन्त्रालय महत्वपूर्ण काम सम्पादन गरेको भन्दै प्रशंसा गरे। प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउतसहितको टिमलाई पोखरामा स्वागत, नेपालस्थित राजदूत र कुटनीति नियोगका प्रमुखका साथै दातृ निकायका प्रमुखलाई पर्यटन दिवसको अवसर पारेर पोखरा भ्रमण गराएपछि पर्यटन क्षेत्रमा निकै राम्रो सन्देश प्रवाह भएको उनले बताए। प्रदेश समृद्धिको मुख्य आधार नै पर्यटन भएकाले सोही अनुसार योजना बनाएर अगाडि बढ्न उनले निर्देशन दिए।

मन्त्री मणिभद्र शर्माले साँघुरो भवनमा कार्यालय सञ्चालन गर्दा असहज भएको भन्दै यसका बाबजुद मन्त्रालयले महत्वपूर्ण कार्य सम्पादन गरेको जानकारी गराए । मन्त्रालयले थालेका प्रदेश गौरवका योजना अगाडि बढाउन कतिपय अवस्थामा कानुनी जटिलता भएकाले त्यसको गाँठो फुकाउन जरुरी रहेको उनले बताए। मन्त्रालयका उपसचिव दिनेशप्रकाश आचार्यले मन्त्रालयको वस्तुगत अवस्थाका बारेमा जानकारी गराएका थिए।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अनुगमनपछि मुख्यमन्त्री पोखरेलले सिमित स्रोतकाबीच कोभिडका समयमा मन्त्रालय र कर्मचारीले निर्वाह गरेको भूमिकाको खुलेर प्रशंसा गरे । स्वास्थ्य क्षेत्रमा अझै पनि ठूलो संख्यामा दरबन्दी रिक्त रहेको र त्यसको पूर्तिका लागि अब प्रदेश सरकारले पहल गर्ने प्रतिबद्धता समेत जनाए। कोभिडका समयमा खटिएका स्वास्थ्यकर्मीहरुले प्रोत्साहन रकम नपाएको बारे आफू जानकार रहेको भन्दै यसको समाधानमा लागि पनि काम थालनी भइसकेको जानकारी उनले दिए। भवन साँघुरो भएका कारण एउटै कोटमा ८/१० जना कर्मचारी बस्नुपरेको आफैले देखेपछि अब भवन व्यवथापनका लागि तत्काल निर्णय लिनुपर्नेमा आफू पुगेको समेत उनले उल्लेख गरे।

मन्त्री मधु अधिकारी गुरुङले सारै कम जनशक्तिले धेरैथरी सेवा प्रवाह गर्दा थुप्रै चुनौती सामना गर्नु परेको गुनासो सुनाइन् । मन्त्रालय स्वास्थ्य नीति अन्तिम चरणमा पुऱ्याएको, स्वास्थ्य संस्थाहरुमा न्यूनतम स्वास्थ्य मापदण्ड लागु गरिएको जानकारी उनले गराइन्। सचिव विनोदबिन्दु शर्माले मन्त्रालयको भौतिक तथा जनशक्ति व्यवस्थापनका बारेमा जानकारी गराएका थिए। वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय अनुगमनपछि मुख्यमन्त्री पोखरेलले वनका कर्मचारी व्यवस्थापनमा देखिएका समस्या तत्काल समाधान गरिने बताए । विकास निर्माण वन सम्बन्धी कानुन वाधकका रुपमा देखिएको उल्लेख गर्दै उनले यसको समाधानका लागि संघ सरकार पनि उदार हुनपर्ने भनाइ राखे । निर्माणको चरणमा रहेको प्रदेश वन विधेयकलाई अन्तिम रुप दिएर संसदमा पठाउन पनि उनले आग्रह गरे। फाजिलमा रहेका कर्मचारीको व्यवस्थापन, कार्यालयहरुलाई गाडी उपलब्ध गराउने विषयमा पनि आवश्यक निर्णय गर्ने मुख्यमन्त्री पोखरेलले बताए।

मन्त्री दीपक थापाले वनलाई रोजगारी र आम्दानीसँग जोड्नुपर्ने भनाइ राखे । वन साझा अधिकार सूचीमा रहेकाले ३ तहकै सरकारको पहलमा यसको सदुपयोग र संरक्षण गर्नुपर्ने उनले बताए। वनका कार्यालयहरुमा अझै पनि कर्मचारी र सवारी साधनको उचित व्यवस्था हुन नसकेको भन्दै उनले मुख्यमन्त्रीको ध्यानाकर्षण गराए।

वन निर्देशक केदार पौडेल, उपसचिव रामकाजी श्रेष्ठले मन्त्रालयको वस्तुगतस्थितिका बारेमा जानकारी गराएका थिए । अनुगमनमा सहभागी प्रदेशका प्रमुख सचिव डा. दामोदर रेग्मीले प्रदेशको बजेटको अंक ३० अर्ब देखिए पनि वास्तविक बजेट साढे २४ अर्बको रहेको बताए। राजश्व लक्ष्य अनुसार संकलन हुन नसक्नु, प्रदेश सरकारले आन्तरिक ऋण उठाउन पाउने व्यवस्था नहुनु जस्ता वाध्यताबीच प्रदेश सरकार चलिरहेको भनाइ राखे । बहुवर्षे योजनाका कारण प्रदेश सरकार सारै नै अप्ठेरोमा परेको भन्दै उनले यो अवस्थाको अन्य हुन जरुरी रहेको भनाइ राखे।

अनुगमनमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालयका सचिव रामप्रसाद आचार्य, मुख्यमन्त्रीका निजी र स्वकीय सचिव विष्णु भुसाल र रञ्जना पोखरेल लगायत सहभागी थिए। बाँकी मन्त्रालयमा क्रमश अनुगमन गरिने प्रमुख सचिव डा. रेग्मीले बताए।

# राजनीतिक स्थायित्वबिना समृद्धि हासिल गर्न सकिँदैन : अध्यक्ष तिमिल्सिना

पोखरापत्र संवाददाता

पर्वत, ४ कार्तिक

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राजनीतिक स्थायित्व नभइ मुलुकले समृद्धि हासिल गर्न नसक्ने बताउनुभएको छ।

पर्वतको पर्यटकीय गाउँ चित्रेमा आयोजित अन्तर्राष्ट्रिय पर्वत समाजको तेस्रो अधिवेशनलाई सम्बोधन गर्दै उहाँले मुलुकको भविष्य निर्माण गर्नका लागि सुरुमा राजनीतिक स्थायित्व अपरिहार्य हुने बताउनुभयो।

अध्यक्ष तिमिल्सिनाले लामो समयको सङ्घर्ष र आन्दोलनपछि पनि नेपालमा राजनीतिक स्थायित्व र स्थायी शान्ति कायम हुन नसकेको उल्लेख गर्दै दलहरूबीचको अस्वस्थ प्रतिस्पर्धाका कारण मुलुकले सुखी नेपाली समृद्ध नेपालको लक्ष्य हासिल गर्न नसकेको बताउनुभयो । मुलुकमा गणतन्त्र आइसकेको अवस्थामा मुलुकको भविष्य निर्माणको मुख्य जिम्मेवारी यहाँका राजनीतिक दलहरूकै भएकाले अरुलाई दोष दिएर उम्कन नसकिने बताउँदै उहाँले एकले अर्कालाई दोषारोपण गर्ने प्रवृत्तिको अन्त्य गरी जुनसुकै दल सत्तामा पुगे पनि मुलुक निर्माणको साझा स्वार्थ हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले राजनीतिक दल, तीनै तहका सरकार र आम जनप्रतिनिधिले मुलुकमा लगानीको वातारण बनाउनुपर्नेमा जोड दिँदै जबसम्म स्थायी शान्ति र राजनीतिक सन्तुलन कायम हुँदैन तबसम्म समृद्ध नेपालको नारा अधुरै रहने बताउनुभयो।

उहाँले मुलुकको आर्थिक विकास, सुशासन र समृद्धिका लागि दलहरू साझा दृष्टिकोणका साथ अघि बढ्नुपर्ने उल्लेख गर्दै प्रवासी नेपालीले विदेशमा कमाएको पुँजी र सिकेको सीपलाई नेपालमा ल्याएर सदुपयोग गर्न सकेमा मात्र पर्वत र समग्र नेपालको विकासमा टेवा पुग्ने बताउनुभयो।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य पदम गिरी, नेपाली कांग्रेसका केन्द्रीय सदस्य अर्जुनप्रसाद जोशी, प्रदेशसभा सदस्य विकास लम्साललगायतले समग्र पर्वतको विकासका लागि अन्तर ष्ट्रिय पर्वत समाजसँग आवश्यक सहकार्य गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । आजदेखि सुरु भएको महाधिवेशनले नयाँ नेतृत्व चयन गर्दै सम्पन्न हुने भएको छ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो । मेरो विचारमा त सबै धर्म त्यसमै छ । - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# महाधिवेशनमा होमिँदै एमाले

नेपाल कम्युनिष्ट पार्टी एमालेले दशौं महाधिवेशन चितवन जिल्लामा गर्ने निर्णय गरेको छ । ललितपुर जिल्लाको गोदावरीमा निर्माण गरिएको सनराइज हलमा पहिलो विधान अधिवेशन सम्पन्न गरेको थियो । पहिला बुटवलमा महाधिवेशन गर्ने निर्णय बिहिबार बसेको स्थायी समितिको बैठकले चितवनमा गर्ने गरि स्थान परिवर्तन गरेको छ । महाधिवेशन सम्पन्न गर्न नेता राम बहादुर थापा बादललाई व्यवस्थापन गर्ने जिम्मेवारी दिएको छ । एमालेले पार्टीका आधारभूत तहको अधिवेशन कार्तिक छ गते हुने भएको छ । देशभर वडा अधिवेशन कार्तिक छ गते गर्ने र पालिका अधिवेशन कार्तिक ९ गते गर्ने कार्यतालिका छ । पार्टी विभाजनको असर न्युन रहेको सन्देश दिने गरि गतिबिधि संचालन गरेको छ ।

पार्टीको नीति, बिधि र संगठनका काम ब्यवस्थित गर्ने गरि बिधान अधिवेशन सम्पन्न गरेर अगुवा पार्टी बनेको छ । बिधान अधिवेशनमा देशभरका कार्यकर्ताको मनोवल बढाउने काम गरेको छ । आगामी चुनावमा बहुमत प्राप्त गर्ने महत्वाकांक्षी रणनीति अघि सारेको छ अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक र महासचिव ईश्वर पोखरेलको सांगठनिक प्रतिवेदन दुवैमा यसलाई समेटिएको छ। अघिल्लो चुनावसँगै भएको माओवादीसँगको एकता सर्वोच्च अदालतको फैसला पछि टुटेको र एमालेसमेत फुटेको छ। झन्डै दुई तिहाइको दलको नेतृत्व गरेका ओलीसँग आफ्नो दलमा अब करिब सय सांसद मात्र छन् । पार्टी सरकारबाट बहिर्गमन भइसकेको छ । यस्तो अवस्थामा पार्टीलाई बहुमतसहित ठूलो दल बनाउने योजना ल्याएको छ। एमाले सत्ताको खेलमा बाहिर राख्न सबै षडयन्त्र भएको छ। सत्ता बाहिर पुगेको एमालेमा आकर्षण घटेको छैन भन्ने देशभरका नेता, कार्यकर्ताको उत्साहजनक सहभागिता र पार्टी प्रवेश कार्यक्रमले देखाएको छ ।

कम्युनिष्ट पार्टीको नयाँ प्रयोगको रुपमा बिधान र नीति निर्माण गरेर एमाले नयाँ परिस्थितिमा जान तयार भएको सन्देश दिन खोजेको छ । बिधान अधिवेशनमा अध्यक्ष ओलीको प्रतिवेदनको 'आगामी कार्यभार' खण्डको (ख) मा भनिएको छ, 'आगामी निर्वाचनमा पार्टीलाई बुहमत प्राप्त पहिलो शक्तिका रूपमा स्थापित गर्ने ।' प्रतिवेदनमा पश्चगामी षड्यन्त्रलाई विफल पार्दै समृद्धिको यात्रालाई निरन्तरता दिने सर्वोपरि महत्त्वको कार्यभार पार्टीका सामु रहेको उल्लेख छ । 'यसका लागि पार्टीलाई राज्य सञ्चालनको केन्द्र भागमा पुनर्स्थापित गर्नु अनिवार्य पूर्वसर्त हो,' ओलीको प्रतिवेदनमा भनिएको छ, 'यिनै दुई मुख्य कार्यभारले हाम्रा अन्य कार्यभारलाई दिशानिर्देशित गर्छन् ।' गत असार २८ गते सर्वोच्च अदालतको परमादेशले ओली सत्ताबाट बाहिरिएका थिएातर एमाले ले मध्यम वर्गको रोजाइमा परेको हुँदा विभाजनको चोटसँगै विधान अधिवेशनमा आगामी चुनावमा बहुमत प्राप्त गर्ने महत्वाकांक्षी रणनीति अघि सारेको छ।

एमालेले जनताको बहुदलीय जनवाद (जबज) लाई समाजको समग्र रूपान्तरणको समष्टिगत अवधारणारूप ग्रहण गरेको छ मार्क्सवाद, लेनिनवाद र जबजलाई एमालेले मार्गनिर्देश सिद्धान्तको मान्दै आएको छ। एमालेले जबजलाई पाँचौं महाधिवेशनबाट नेपाली क्रान्तिको कार्यक्रम र छैटौं महाधिवेशनबाट नेतृत्वकारी विचारका रूपमा ग्रहण गरेको थियो । आठौं राष्ट्रिय महाधिवेशनबाट जबज नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा स्थापित भएको थियो। २०५१ सालमा बनेको एमालेको अल्पमतको सरकार र त्यसले अगाडि बढाएका प्रगतिशील सुधारका कामले जबजलाई समाजमा स्थापित गर्न महत्वपूर्ण योगदान गरेको ओलीको प्रतिवेदनमा छ ।

# जमरा सेलाउन नपाउँदै चिसियो किसानको मन

**-वासुदेव पौडेल**
**गण्डकी, ४ कार्तिक**

दसैंको टीकालगत्तै लगातारको वर्षाका कारण यतिखेर धानबालीमा नराम्रोसँग क्षति पुगेको छ । दसैंको जमरा सेलाउन नपाउँदै खेतमा पहेँलपुर भएर पाकेको धान काटेर भित्र्याउन नपाउँदै त्यस यताको लागातरको वर्षाका कारण भिजेकाले किसान चिन्तित भएका छन् ।

वर्षभरका लागि दुःख गरेर लगाइएको धान भिजेपछि यतिखेर किसानको मन रोएको छ । नकाटेको धान पनि पाकिसकेका कारण बोटमै झर्न थालेको छ । कास्की जिल्लामा दसैंयता परेको पानीका कारण २० दशमलव ९३ प्रतिशत धानमा क्षति पुगेको पोखरास्थित कृषि ज्ञानकेन्द्रका प्रमुख शालिकराम अधिकारीले बताउनुभयो ।

वर्षाका कारण रुपा गाउँपालिकाको दूलीबैंसी, माछापुच्छ्रे गाउँपालिकाको लाहाचोक, घाचोक, ल्वाङ्घलेललगायतस्थानको धानबालीमा क्षति पुगेको छ । त्यस्तै पोखरा महानगरपालिकाका बिरौटा, पामे, पटनेरी, गगनगौँडा, मालमूल, बेगनास, अर्मला, भरतपोखरीका खुर्वादी, अँगेटारी, अमटारी, कुलिङ, छहरा आदि स्थानमा वर्षाले क्षति पुऱ्याएको छ । मादी गाउँपालिकाको मकैखोलालगायत स्थानमा पनि वर्षाले क्षति पुऱ्याएको छ। धान काट्ने बेलामा पोखराकै फेदीपाटनलगायत स्थानमा वर्खामा जस्तै मूल फुटेपछि किसान कसरी पानी तर्काउने भन्ने चिन्तामा छन् । वर्षाका कारण अन्नपूर्ण गाउँपालिकाका १, २, ३, ४ र ५ नं वडामा लगाइएको धान झरेको गाउँपालिका प्रमुख युवराज कुँवरले जानकारी दिनुभयो। पाकेको धान झर्नाका साथै बोटै लडेकाले किसानलाई मर्का परेको उहाँको भनाइ थियो । जिल्लाका अधिकांश स्थानमा मनसुनी धान पाकिसकेको कारण किसानले दसैंको टीका लगत्तै काटेका थिए । त्यस्तै लोकनाथ प्रजातिको र हाइब्रिड प्रजातिका उवारलगायत पाकिसकेका धान पनि काटेका किसान यतिखेर निहिन सुकाउन नपाउँदा चिन्तित छन् ।

यस पटकको पानीले चाँडो पाक्ने हाइब्रिड धानलाई बढी क्षति पुऱ्याएको पोखरा महानगरपालिका कृषि महाशाखाका प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । पामेलगायत स्थानमा पानीले क्षति पुऱ्याएको उल्लेख गर्दै उहाँले दसैं अघिका दिनमा राम्रै घाम लागेका कारण पनि किसान भुक्किन पुगेका हुन् भन्नुभयो । "चाँडो धान भित्र्याएर तरकारी खेती गर्ने सोचका कारण पनि दसैं लगत्तै किसानले धान काटेका थिए", महाशाखा प्रमुख कडरियाले भन्नुभयो, "रैथाने प्रजातिका धान ढिलो पाक्ने भएका कारण तिनमा भने यो पानीले खासै क्षति पुऱ्याएको छैन ।"नयाँ तथा हाइब्रिड प्रजातिका धानप्रति आकर्षणका कारण कास्की र आसपासका क्षेत्रमा रैथाने प्रजाति लोप हुँदै जानु पनि यतिखेर चिन्ताको विषय बनेको छ। उत्पादनका दृष्टिले पनि नयाँ उन्नत जातका धान रोप्न किसान आकर्षित हुन थालेकाले रैथाने जात विस्तारै लोप हुँदै गएको किसान शालिकराम पौडेलले बताउनुभयो । उहाँका अनुसार ताल किनारको सिमसार क्षेत्रमा पाइने जङ्गली धान नाभो लगभग लोप भइसकेको छ। धानको अति प्राचीन प्रजातिका रूपमा रहेको नाभोबाटै विस्तारै अन्य धानको विकास भएको मानिन्छ। पछिल्ला वर्षमा धेरै रैथाने जातका धान विस्तारै हराउन थालेको छ । रैथाने जातमा अधिकांशमा रोगसँग लड्ने क्षमता कम हुने गरेका कारण रोग प्रतिरोधी जातसँग क्रसिङ गरेर परम्परागत जात संरक्षण गर्ने गरिन्छ ।

कास्कीमा झण्डै डेढदशक अघिसम्म प्रचलनमा आएका समुद्र फिञ्जा, नाभो, आँगा, बले, कृष्णभोग, जिरासरी र फल्याङकोटे धान लोप नै भइसकेका छन् । करिब ३०० मिटरदेखि ६०० सय मिटरको उचाइमा फल्ने यी धान यहाँका प्राचीन रैथाने जात हुन् ।

जिल्लामा पछिल्ला वर्षमा गौरिया, बिरम्फुल, आँगा, रमनी, रुदुवा मार्सीजस्ता धान पाउन छाडेको छ । नयाँ जातका धानको आगमनसँगै परम्परागतरूपमा रोपिने पोखरेली मसिनो (पहेँले), मनसरा, ठिमाहा, ताकमारे, खोलेमासी, आँपझुत्ते, झिनुवा, अनदी, गुर्दी, मानामुरी, कन्जीरा, मन्सुली, तौली, खाल्टेखोले, गोला, कोदे, गुडुरा, जर्नेली, गौरिया, बर्मेली, एक्लेजस्ता धान विस्थापित हुने अवस्थामा पुगेको यहाँका किसानदे बताए । कम उचाइमा हुने गरेका काठे गुर्दी, तौली, फालो, पहेँले, लहरे गुर्दी, घैया, कालो झिनुवा, माला, बिरम्फुल, भट्टे, अँधेरे, काँडे, कालो बयर्नी, कालो अनदीलगायत धान पनि पछिल्लो समय विस्थापित भइसकेका छन् । पछिल्लो समयमा जिल्लामा सुधारिएको जेठोबूढो, खुमल, राधा सात, राधा नौ, सावित्री, मनसुली, पहेँलेजस्ता धान धेरै मात्रामा रोप्ने गरिएको कृषक पौडेलले बताउनुभयो । बास्नायुक्त र औषधीय गुण भएका धान छोड्दै उत्पादन बढी लिने सोचका साथ किसान हाइब्रिड जातका धानमा लोभिने गरेका कारण पनि हाइब्रिडले रैथाने जातलाई विस्थापन गर्दै गएको हो । आँगा, अनदी जस्ता धेरै औषधीय गुण बोकेका धान विस्थापित हुँदै गएका छन् भने बढ्दो रासायनिक मलको प्रयोगबाट जेठोबूढो, पहेँले, बिरम्फूलजस्ता बास्नादार धानमा पनि बास्ना आउन छाडेको छ ।

कास्कीमा पर्याप्त धान उत्पादन हुने पोखराका बिरुवा फाँट, कुँडहर, लेखनाथको शिशुवा, पटनेरीलगायत स्थानमा बढ्दो प्लटिङका कारण धान खेतीमा कमी आउन थालेको छ । बढ्दो सहरीकरण, प्लटिङ आदिका कारण धानखेत घडेरीमा परिणत हुनु पनि यतिखेर समस्याका रूपमा देखिएको छ । पोखरेली शिक्षासेवी एवं साहित्यकार तारा पाखे कृषि प्रधान देश नेपालमा बढिरहेको कृषिप्रतिको अनिच्छा र बढ्दो खेत प्लटिङको यथार्ततालाई व्यङ्ग गर्दै गीती शैलीमा भन्नुहुन्छ,

"बैँसीका फाँट प्लटिङ भन्दै धेरै नै मासिए।

लेक र पहाड फाँटका खेत झाडीमा बदलिए।।"

# गोरखा ट्रक दुर्घटनामा चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
**गोरखा, ४ कार्तिक**

गोरखाको आरुघाट गाउँपालिका-१, स्थित माझगाउँमा बुधबार राति मिनीट्रक दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। दुर्घटनामा परी ट्रकका चालक धादिङको गङ्गाजमुना गाउँपालिका-७ घर भएका ३३ वर्षीय मनोज श्रेष्ठको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी निरीक्षक धर्मबहादुर थापाले जानकारी दिनुभयो।

गम्भीर घाइते भएका श्रेष्ठको आरुघाटस्वास्थ्यचौकीमा उपचारका क्रममा मृत्यु भएको उहाँले बताउनुभयो । आरुघाट बजारबाट धुन्चेततर्फ जाँदै गरेको बा५ख १२३१ नम्बरको मिनीट्रक माँझगाउँमा अनियन्त्रित भएर सडकबाट झण्डै १५० मिटर तल खसेको प्रहरी निरीक्षक थापाको भनाइ छ । दुर्घटनामा परी अन्य दुई जना घाइते भएको उहाँले जानकारी दिनुभयो।

घाइते हुनेमा आरुघाट गाउँपालिका-१ का ३५ वर्षीय राजकुमार गुरुङ र तीन वर्षीया बालिका दिव्या गुरुङ रहेका छन् । उनीहरूको पनि आरुघाट स्वास्थ्यचौकीमा उपचार भइरहेको छ । घाइते दिव्याको अवस्था गम्भीर भएकाले थप उपचारका लागि अन्यत्र पठाउने तयारी भइरहेको स्वास्थ्यचौकीले जनाएको छ । घटनाको थप अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ।

# पुरानै लयमा फर्किंदै छ बेनीको बजार

**-ध्रुवसागर शर्मा**
**बेनी, ४ कार्तिक**

'बेनीको बजार, जता माया उतै छ नजर किरीमिरे जाले रुमाल…' । चर्चित यो गीतका हरफमा भनिएझैं जता नजर लगाए पनि सुन्दर देखिने म्याग्दीको बेनी बजार कोभिड-१९ को सङ्क्रमणको दर कम हुँदै गएपछि पुनः पुरानै लयमा फर्किन सुरु गरेको छ।

म्याग्दी नदी र कालीगण्डकीको सङ्गमस्थलमा अवस्थित बेनीबजार प्राकृतिक सुन्दरताले मात्रै होइन ऐतिहासिक दृष्टिकोणले समेत महत्वपूर्ण रहेको छ । इतिहासकारका अनुसार नेपाल एकीकरणका क्रममा गोरखा राज्यले बेनी कब्जा गर्ने बेलासम्म बेनीमा बस्ती थिएन् । विसं १८४३ पछि मात्र बस्ती बस्न थालेको बेनी बजार तत्कालीन समयमा भोट तिब्बत र मधेशको प्रमुख व्यापारिक नाकासमेत थियो । सो नाकापछि हाट बजारमा परिणत हुँदै अहिलेको बेनी बजार विस्तार भएको बताइएको छ। बेनी बजार प्राकृतिकरुपले सुन्दर छ।

म्याग्दीको प्रवेशद्वारका रुपमा बेनी बजार रहेको छ । कोभिड-१९ को महामारी अघि यहाँ दैनिक सयौँ आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल हुने गरेकामा २०७६ साल चैत ११ गतेदेखि लकडाउन गरिएपछि यहाँको चहलपहल शून्य भएको थियो । तर, गत भदौदेखि सङ्क्रमणदर घटेसँगै बेनीमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल सुरु भएको छ । पुनहिल, घोडेपानी, रुप्से झरना, अन्धगल्छी, गलेश्वर, धौलागिरि हिमालजस्ता विश्वप्रसिद्ध पर्यटकीयस्थल रहेको म्याग्दीको सदरमुकाम बेनी बजारमा दुई वर्षपछि पुनः चहलपहल बढेको स्थानीयले बताएका छन् ।

कोभिड-१९ को त्रासका कारण पर्यटक आउनसक्ने वातावरण नभएपछि सुनसान बनेका पर्यटकीयस्थलमा असोज सुरु भएपछि पर्यटकको भीड लाग्न थालेको छ । व्यापार व्यवसाय बढ्न थालेको छ । पर्यटकीयस्थल पर्यटकको प्रतीक्षा गरिरहेका छन् । विसं १८४३ सम्म बेनीमा लाम्ने हाट मेलाले वैदेशिक व्यापारको रुप लिएपछि व्यापार व्यवस्थित गर्नका लागि पर्वत राज्यले बेनीमा अस्थायी मुकाम राख्न थालेको मोहनबहादुर मल्लद्वारा लिखित 'पर्वत राज्यको इतिहास' नामक पुस्तकमा उल्लेख छ । इतिहासकार चन्द्रप्रकाश बानियाँका अनुसार त्यतिबेला पर्वत राज्यको राजधानी ढोलठानामा थियो । राजा दिलीपवम मल्ल (डिम्ब मल्ल) गर्मीमा ढोलठान र जाडोमा बेनी झर्ने गर्दथे । जाडो छल्नका लागि मात्र ढोलठाना दरबार बेनी झर्न थालेको होइन भन्ने कुरा राजकुलो निर्माण गरेर दरबारले नै खेती गर्न थालेको सिङ्गा नभरेर बेनी झर्न थालेबाट स्पष्ट हुने उहाँले जानकारी दिनुभयो ।

पर्वत राज्यको इतिहासका जानकार बानियाँका अनुसार बेनीको पहिलो बस्ती विश्वकर्माको हो । हतियार निर्माणका लागि उनीहरूलाई बेनी राखिएको हो । उहाँले भन्नुभयो, "गोरखाले बेनी कब्जा मात्रै गरेन, दरबारमा आगजनी गरेर ध्वस्त बनाएको थियो । दरबारको त्यही खरानीमा बेनीको बजार बसेको हो।" उहाँका अनुसार विसं १८४३ पछि मात्र बेनी बजारमा बस्ती विस्तार हुन थालेको हो।

बेनीमा नेवार बस्ती बसिसक्दा पनि बेनीको मुख्यबजार पारीबेनी थियो । बागलुङ मुस्ताङतिरको थोक बजार पारीबेनी नै थियो। बेनीमा स्कुल / पाठशाला नखुल्दै पारी बेनीमा मिडिल स्कुल थियो। त्यही स्कुलपछि मल्लाज स्थानान्तरण भएको हो । पारी बेनीको स्कुल मल्लाज उक्ले पछि मात्र बेनीमा विद्यालय खुलेको इतिहासकार बानियाँले बताउनुभयो । बेनीमा विद्यालय खुलेपछि बस्ती विस्तार हुनेक्रम बढ्दै गएको उहाँको भनाइ रहेको छ। अहिले बजारको स्वरुप फेरिएको छ। जतातातै कङ्क्रिट नै कङ्क्रिटका भव्य घर ठडिएका छन् । अति महँगो बजारमध्येको बजार बन्न पुगेको छ बेनी बजार । वैदेशिक रोजगारीका कारण गाउँबाट सहर झर्नेको क्रम तीव्ररुपमा बढेको छ। गाउँ खाली भए पनि बजार भरिएको छ। घरजग्गाको कारोबार गर्ने व्यापारीका अनुसार अब बेनीमा घडेरीका लागिसमेत जग्गा पाइन छोडेको छ। पर्यटकलाई लक्षित गरेर करोडौंको लगानीमा स्तरीय होटल, रेस्टुरॉं निर्माण गरिएको छ।

बैंक तथा वित्तीय संस्था बढेका छन् । यहाँको जीवनस्तरले कोँचुली फेरेको छ । वार्षिक रु चार अर्बको हाराहारीमा विप्रेषण भित्रिने म्याग्दीमा पर्यटन व्यवसाय पनि उत्तिकै फस्टाउँदै गएको छ। होटेल र यातायात क्षेत्रमा यहाँका व्यवसायीले ठूलो लगानी गरेका छन्।

बेनी नगरपालिकाको ७ र ८ गरी दुई वटा वडामा समेटिएको बेनीबजार ५१२ हेक्टर क्षेत्रफलमा फैलिएको छ । १४.४५ जनघनत्व रहेको बेनी बजारमा २०६८ को जनगणनाको तथ्याङ्कअनुसार दुई हजार घरधुरी र सात हजार जनसङ्ख्या रहेको छ।

# ५४५ जना संक्रमित

**रासस**
**काठमाडौं, ४ कार्तिक**

नेपालमा पछिल्लो २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमण ५४५ मा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार आठ हजार ५४९ जनामा कोरोना परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पाइएको हो।

बिहीबार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित ११ हजार ३१५ जना रहेका छन् । पाँचसय भन्दाबढी सङ्क्रमित भएका जिल्ला चार र २०० भन्दाबढी सङ्क्रमित भएका जिल्ला १५ रहेका छन् । पाँचसयभन्दा बढी सङ्क्रमण हुने जिल्ला काठमाडौँ, ललितपुर, भक्तपुर र कास्की रहेका छन्। सङ्क्रमण दर १८.६ प्रतिशत रहेको छ। सङ्क्रमित शून्य रहेका जिल्ला मुस्ताङ र मुगु रहेका छन् । पछिल्लो २४ घण्टामा ७२६ जना सङ्क्रमणमुक्त भएका छन्। यससँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ८४ हजार ८८१ रहेको छ। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.२ प्रतिशत रहेको छ।

कोरोना सङ्क्रमणबाट आठ जनाको निधन भएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ३२६ जनाको निधन भएको छ । बिहीबार २३ हजार ५६८ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ८५ लाख ८१ हजार १९५ पहिलो मात्रा र ६५ लाख ४६३ पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : व्यापारमा लाभ |
| मिथुन | : शत्रुको भय | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : मन चञ्चल | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# चितवनको ३० प्रतिशत धानबालीमा क्षति

**रासस**
**चितवन, ४ कार्तिक**

धान भित्र्याउने समयमा परेको अविरल वर्षाले यहाँको धानबालीमा ३० प्रतिशत क्षति पुऱ्याएको छ। पानी र हावाहुरीले धान ढालेर, डुबाएर र बगाएर क्षति भएको हो।

जिल्लामा २० प्रतिशत हाराहारी धान भित्र्याइएको भए पनि बाँकी धान खेतमै रहेको छ। कतिपय काटेर सुकाइएको छ भने कतिपय काट्न नै बाँकी रहेको छ। काट्न बाँकी धान पनि ठाढो अवस्थामा छैन।

कृषि ज्ञान केन्द्र भरतपुरका योजना अधिकृत उमाराज अर्यालका अनुसार जिल्लाको पूर्वी क्षेत्र र माडीमा ५० प्रतिशत धान भित्र्याइसकिएको छ । भरतपुर महानगरपालिका क्षेत्रमा १० प्रतिशत मात्रै भित्र्याइएको छ । भित्र्याउन बाँकीमध्ये महानगरमा ७० प्रतिशत खडा अवस्थामा र २० प्रतिशत हाराहारी काटेको अवस्थामा रहेकोमा दुवै धानमा आधाभन्दा बढीमा क्षति पुगेको उहाँले जानकारी दिनुभयो।

पूर्वी चितवन र माडीमा ३० प्रतिशत काटेको अवस्था र २० प्रतिशत काट्न बाँकी रहेको धान ढलेको छ भने पाँजा पानीले डुबाएको छ । जसका कारण दुवै धानमा क्षति पुगेको अर्यालको भनाइ छ। उहाँको भनाइमा पानीमा डुबेको धानबाट राम्रो चामल, चिउरालगायत उत्पादन हुन सक्दैन । काट्न बाँकी र काटिएका धानको पराल काम लाग्ने अवस्थामा नरहेको उहाँले जानकारी दिनुभयो।

कार्यालयका प्रमुख युवराज पाण्डेले सबै पालिकामा स्थलगत निरीक्षण र दैनिक क्षतिको विवरण लिने काम भएको बताउनुभयो।

निरन्तरको वर्षाको कारण धानमा ठूलो क्षति भएको उहाँले जानकारी दिनुभयो । पानी निरन्तर परिरहेकाले थप क्षति हुनसक्ने आँकलन गरिएको पाण्डे बताउनुहुन्छ । विगतका वर्षहरूमा वर्षे धान थन्क्याउने समयमा मौसम राम्रो हुने भए पनि यस वर्ष पानी र हावाहुरीले यहाँको धान प्रभावित भएको उहाँको भनाइ छ।

# बागलुङमा ड्रागन फ्रुटको व्यावसायिक खेती

पोखरापत्र संवाददाता
बागलुङ, ४ कार्तिक

पछिल्लो समय अत्यधिक बजार माग भएको ड्रागन फ्रुटको बागलुङमा समेत व्यावसायिक खेती गर्न थालिएको छ।

बागलुङको काठेखोला गाउँपालिका-१ पाला करिनाका प्रतिमान थापाले वैदेशिक रोजगार पछि गाउँको बाँझो जग्गा सदुपयोग गरी ड्रागन फ्रुटको व्यावसायिक खेती थाल्नुभएको छ। कोरियामा चार वर्ष बिताउनुभएका थापाले अहिले गाउँ फर्केर व्यावसायिक रुपमा ड्रागन फ्रुट खेतीमा लाग्नुभएको छ। थापाले आफ्नै गाउँठाउँमै श्रम गरेर व्यवसायी बन्ने उद्देश्यले अहिले १५ रोपनी जग्गामा फलफूलखेती सुरु गर्नुभएको छ। उहाँले रु २० लाख लगानीमा केही बाँझो र केही कोदो र मकै उत्पादन हुने जग्गामा त्यसको बिरुवा रोप्नुभएको छ। बिरुवा हलहली बढ्दै गएपछि थापा उत्साहित हुनुभएको छ। बिरुवा रहर लाग्दो रुप हुर्किएपछि उहाँलाई काम गर्न थप ऊर्जासमेत मिलेको छ।

विदेशमा गर्ने दुःख गाउँमै गरे पनि राम्रो कमाइ गर्न सकिने भन्दै गाउँ आएर थापाले यो खेती सुरु गरेको बताउनुहुन्छ। सुरुमा चितवनबाट एक हजार ५०० बिरुवा ल्याएर खेती सुरु गरेको उहाँको भनाइ छ। नेपालमा व्यावसायिक रुपमा कृषि गर्न सके विदेश जान नपर्ने उहाँ बताउनुहुन्छ। "सुरुमा लहलैमा लागेर विदेश गएँ, वास्तवमा विदेशमा गर्ने दुःख यहीँ गर्ने हो भने हामीले राम्रो कमाइ गर्न सकिन्छ", थापाले भन्नुभयो, "गाउँमा आफ्नो जग्गा बाँझै राखेर विदेशी भूमिमा पसिना बगाउनु गलत रैछ, अहिले बल्ल चेत आयो, अब यहीँ व्यवसायी बन्ने लक्ष्य छ।" थापाले विदेश जानुभन्दा अगाडि तीन वर्ष शिक्षण पेसा गर्नुभएको थियो भने सात वर्ष लघुवित्तमा समेत काम गर्नुभएको थियो। "आफ्नै देशमा केही गर्छु भन्ने सोच भएर नेपाल फर्किएँ तर यही गर्छु भन्ने मनमा थिएन, नेपालमा केही नौलो गर्न मन लाग्यो, युट्युबमा हेरे अहिलेसम्म नेपालमा सोचे जति ड्रागनको व्यावसायिक खेती भएको छैन र यस फलको बजारमा माग बढी रहेको थाहा पाएर आफ्नै गाउँमा खेती गर्न सुरु गरेको हुँ", थापा भन्नुहुन्छ।

थापाले कोरियामा चार वर्ष कमाएको पैसा यो खेतीमा लगानी गरेको बताउनुहुन्छ। थापालाई उहाँकी श्रीमती गोरीको पनि साथ मिलेको छ। थापाले बारीमा लगाएको ड्रागन अहिले ५ महिनाका भए। अबको १५ महिनापछि यी बिरुवाले फल दिन सुरु गर्ने उहाँ बताउनुहुन्छ। थापाले बिरुवा लगाउने समयमा माटोको परीक्षण गर्नुभएको थियो। यो खेती एक हजार ५०० उचाइभन्दा तल राम्रो हुने गर्दछ।

थापालाई यसको उत्पादन भएपछि बजारको अभाव नहुनेमा ढुक्क हुनुहुन्छ। अहिले यसको बजार मूल्य प्रतिगोटा २०० देखि ३०० पर्ने थापाको भनाइ छ। यो फल खेतीका लागि अन्य बालीलाई जस्तो धेरै मेहनत गर्न नपर्ने र सुरुमा सिमेन्टको पोल बनाएर बिरुवा लगाई दिए राम्रोसँग सर्ने थापा बताउनुहुन्छ। थापाले आगामी दिनमा ड्रागनसँगै अकबरे खुर्सानी खेती गर्ने सोचमा हुनुहुन्छ।



पर्यटकीय गाउँ गुरुङ बस्तीः कास्कीको अन्नपूर्ण गाउँपालिकामा अवस्थित घान्द्रुक गुरुङ बस्ती। स्वदेशी तथा विदेशी पर्यटक यहाँ घरवासका लागि र माछापुच्छ्रे हेर्न आउने गर्छन्। तस्विर : प्रदीपराज वन्त/रासस

# अविरल वर्षाले धानबालीमा क्षति

पोखरापत्र संवाददाता
लमजुङ, ४ कार्तिक

आइतबार रातिदेखि परेको अविरल वर्षाका कारण पाकेको धानबालीमा ठूलो क्षति पुगेको छ। दशैँअघि नै जिल्लाका अधिकांश क्षेत्रमा धान पाकेर पहेँलो भए पनि किसानले दशैं चटारोका कारण धान काट्न भ्याएका थिएनन्।

दशैं टीका लगाएर किसान धान काट्न सुरु गरेका थिए। तर गत असोज ३१ गतेदेखि परेको बेमौसमी अविरल वर्षाका कारण लमजुङमा ७२ दशमलव २१ हेक्टर क्षेत्रफलमा लगाइएको धानबालीमा क्षति पुऱ्याएको छ।

कृषि ज्ञान केन्द्र लमजुङका अनुसार जिल्लामा कूल क्षेत्रफल १४ हजार ९७३ हेक्टर क्षेत्रफलमा लगाइएको धान खेतीमध्ये शून्य दशमलव ५ प्रतिशत क्षेत्रफलमा क्षति पुगेको छ। केन्द्रका प्रमुख सुदिप खतिवडाले भन्नुभयो, "अधिकांशमा ठाउँमा आंशिक क्षति भएको छ। दशैं मनाउँदै गर्दा समेत धान पाकेकाले थन्काउनलाई काटेको अधिकांश धानबालीमा क्षति हुनपुगेको उहाँको भनाइ छ।

जिल्लामा अधिकांश क्षेत्रमा किसानको पाकेको धानमा लगातारको वर्षाले क्षति पुऱ्याएको र अहिले पनि वर्षा जारी रहेकाले क्षतिको यकिन विवरण आउन नसकेको कृषि ज्ञानकेन्द्रले जनाएको छ। "दुई दिनसम्म धान काट्यौँ, अहिले लगातारको पानीले पाकेको धान सखाप परेको छ, अब कसरी धानलाई भित्र्याउने भन्ने चिन्ता छ", राइनास नगरपालिका-८ का लालमाया श्रेष्ठले भन्नुभयो, "कमेरो फाँटमा धान काटेको थिएँ, पाँच हलको धान खेतमा क्षति पुगेको छ। दुःख गरेर उब्जाएको धान पनि थन्काउन नपाएपछि कसरी खाने भन्नुपर्ने स्थिति आउन थालेको छ।" "यसपटक समयमा नै पानी परेपछि धान रोपाइँ पनि समयमा गरौँ, मलको अभाव पनि थिएन। धान पनि राम्रो थियो तर अहिले घरमा भित्र्याउन लाग्दा पानी परेर ठूलो क्षति भयो", उहाँले भन्नुभयो। वर्षाले धानबालीमा क्षति पुऱ्याउँदा किसान निराश बनेको उहाँको भनाइ छ।

त्यस्तै, मध्यनेपाल नगरपालिकाका मोहन पौडेलले भन्नुभयो, "यहाँका अधिकांश खेतका धान पानीले डुबाउनुका साथै क्षति पुऱ्याएको छ। महिनौँ खटिएर गरेको धानखेती क्षति हुँदा किसान रोएको उहाँको भनाइ छ। जिल्लाका अधिकांश किसानको समस्या उहाँहरू जस्तै छन्।

जिल्लामा ४५ हजार ९९० मेट्रिक टन धान उत्पादन हुने गरेको अनुमान छ। तर यसवर्ष धान उत्पादन घट्ने ज्ञान केन्द्रको अनुमान छ। जिल्लामा धानबाली मात्र नभइ अन्य बन्दा, काउली, नर्सरी लगायतमा क्षति पुगेको छ। केन्द्र प्रमुख खतिवडाका अनुसार एक हजार ३५० हेक्टरमा तरकारी खेती गरिएकोमा ७ हेक्टरमा क्षति पुगेको छ। त्यस्तै, मास, कोदोलगायतका अन्नबालीमा समेत क्षति पुगेको छ। दशैं मनाएर खुसीका साथ बाली थन्काउने तयारीमा रहेका जिल्लाका किसानलाई बेमौसमी वर्षाले किसानको खुसी खोसिदिएको छ। दुःख गरेजति अन्नबाली नउब्जने भए पनि खेती गरेका किसानलाई झन् समस्यामा पारेको छ।

# बेमौसमी वर्षाको असर : आन्तरिक पर्यटकको विजोग

पोखरापत्र संवाददाता
म्याग्दी, ४ कार्तिक

परिवारसँगै मुस्ताङ भ्रमणमा जानुभएका सुनसरीका उद्धव अधिकारीलाई बेनी-जोमसोम सडक पार गर्न २० घण्टा लाग्यो। सामान्य अवस्थामा ७६ किलोमिटर दूरीको यो सडक पार गर्न चारदेखि पाँच घण्टा लाग्दथ्यो। मङ्गलबार बिहान जोमसोमदेखि हिँडेका उहाँको टोली बुधबार राति बेनी आएको थियो।

"मुस्ताङ घुम्दा जति रमाइलो सडकमा पाएको पीडा र सास्तीले बिर्सायो," उहाँले भन्नुभयो, "लगातारको वर्षा र जीर्ण सडक अवस्थाले मुस्ताङ यात्रा दुखदायी बन्यो।" पहिरोग्रस्त रुप्सेछहरा, काभ्रे, बाँदरजुँगभीर र राहुघाट क्षेत्रमा सवारी जाम हुँदा हजारौं यात्रुले दैनिकजसो सास्ती पाएका छन्। साँघुरा र हिलाम्मे सडकमा गाडी फसेपछि दुईतर्फी गाडी आवतजावत हुन सक्दैनन्।

मुस्ताङ भ्रमणबाट फर्किएका नुवाकोटका अच्युत ढकालले राहुघाटको पहिरोमा ११ घण्टा जाममा फसेर सास्ती पाएको दुखेसो पोख्नुभयो। "जोखिमयुक्त ठाउँमा नियमित मर्मत र सवारी आवतजावतको व्यवस्थापन नमिलाउँदा मुस्ताङ जाने आउने पर्यटकको विजोग भएको छ," ललितपुरका दीपक विष्टले भन्नुभयो, "फसेको गाडी तान्न रु एक हजार तिर्नुपऱ्यो। होटल व्यवसायीले अप्ठ्यारो अवस्थाको मौका छोपेर महँगोमा खाजा, खाना बेचेका छन्।" दशैं लगत्तै म्याग्दी र मुस्ताङको प्राकृतिक सौन्दर्यमा रमाउन आएका पर्यटकले बेनी-जोमसोममा पाएको दुःखले म्याग्दीको बारेमा नकारात्मक सन्देश प्रवाह गराएको छ। बेनी-जोमसोम सडकको सबैभन्दा जटिल भाग मानिने दाना-घाँसा ५ किमी सडकखण्डमा मनसुन रोकिएपछि यातायात केही सहज भएको थियो। मुस्ताङ भ्रमणमा साना गाडी र मोटरसाइकलमा आउने यात्रुको दैनिक भीड लाग्ने गरेको थियो। "दशैंको बिदामा रमाइलो गर्न आएको कहिल्यै नपाएको दुख पाइयो," पोखराका तिलक पौडेलले भन्नुभयो "राहुघाट र काभ्रेको जाममा फस्दाको पीडा मुस्ताङ उक्लेपछि भने बिर्सने रहेछ।" "मनसुन सफा नभइ मुस्ताङ आउने हतारो नगरौं", विराटनगरका हरि शर्माले भन्नुभयो, "बेनी-जोमसोम सडकको यात्रा कष्टकर मात्र होइन, जोखिम पनि उत्तै छ।" बेनी-घाँसा खण्डको राहुघाट, चमेरे, महभीर, गुईठे, काभ्रे र बाँदरजुँगभीरमा सडक हिलाम्मे छ। सडक विस्तार गर्ने क्रममा भित्ता डोजरले खनेर छोडेकोले माथिबाट ढिस्कोसहित खसेपछि हिलाम्मे बनेको हो। रुप्से र बेगखोलामा बाढी आउदा सवारीसाधन आवतजावत गर्न सक्दैनन्। एकतर्फी यातायात सञ्चालन हुने पहिरोग्रस्त र जोखिमयुक्त ठाउँको सडकमा ठूला बस र फसेपछि ट्राफिक व्यवस्थापनमा समस्या भएको प्रहरी नायब उपरीक्षक श्यामकुमार राइले जानकारी दिनुभयो। सीमित प्रहरी र स्थानीयवासीले मात्र जाम खुलाउन समस्या भएको उहाँले बताउनुभयो। बेनी-जोमसोम-कोरला सडक आयोजनाको बेनी-जोमसोम खण्डलाई ४ प्याकेज बनाइ नाली, ७ मिटर पिचसहित १० मिटर चौडा सडक निर्माण गर्न रु दुई अर्ब ४९ करोड लागतमा सडक विस्तारको काम गरिरहेको छ। विसं २०७६ मा निर्माण सकिनुपर्ने यो सडकको हालसम्म ६५ प्रतिशत भौतिकप्रगति भएको छ। आयोजनाका ठेकेदार शर्मा-युनाइटेड, ओमकार्यश्वर र शर्मा-गजुरमुखीले स्काभेटर तयारी अवस्थामा राखेर सडकमा नियमित यातायात सञ्चालनको पहल गरेपनि निरन्तरको वर्षा, प्रतिकूल भूगोल र सवारीसाधनको अत्याधिक चापले समस्या भएको जनाएका छन्।

# १० वर्षका अवधिमा चितवनमा ३९ हजार घरपरिवार थपिए

-नारायण अधिकारी
चितवन, ४ कार्तिक (रासस)

मध्य नेपालको ७८औँ जिल्लाका रूपमा चिनिएको चितवनमा वर्षेनी बसाइँसराइ गरी आउने क्रम बढ्दै गएको छ। आन्तरिकरूपमा हुने वृद्धि र बाहिरबाट आउनेसमेत गरी १० वर्षका अवधिमा ३९ हजार बढी घरधुरी थपिएका हुन्।

विसं २०६८ को जनगणनालाई आधार मान्दा जिल्लामा हाल ३९ हजार २३८ परिवार थप भएका हुन्। जिल्ला जनगणना कार्यालयका अनुसार जिल्लाका सात पालिकामा सुपरीवेक्षकले गरेको स्थलगत अध्ययनका आधारमा परिवार सङ्ख्यामा वृद्धि भएको हो। कार्यालय प्रमुख यज्ञमूर्ति भण्डारीका अनुसार जनगणनामा एक लाख ७१ हजार ७०० परिवारको गणना हुँदैछ। पछिल्लो जनगणनामा एक लाख ३२ हजार ४६२ परिवारको गणना भएको थियो। यहाँका पालिकामा समेत परिवार सङ्ख्यामा वृद्धि भएको पाइएको छ।

सात पालिकामा नै परिवार सङ्ख्यामा वृद्धि भएको हो। उहाँका अनुसार भरतपुर महानगरपालिकामा ८७ हजार ४४२ परिवारको गणना हुँदैछ। यो अघिल्लो गणनाको भन्दा १८ हजार ४०७ परिवारले वृद्धि भएको छ। यस्तै रत्ननगर नगरपालिकामा २३ हजार १५३ परिवारको गणना हुँदैछ। यस पालिकामा सात हजार ८३ परिवार सङ्ख्यामा वृद्धि भएको छ। कालिका नगरपालिकामा १२ हजार ३३७ परिवारको गणना हुने कार्यालयले जनाएको छ। यस पालिकामा तीन हजार २२१ परिवार थपिएका छन्। खैरहनी नगरपालिकामा चार हजार ९३७ परिवार थप भएका छन्। यस पालिकामा १७ हजार २६८ परिवार रहेका छन्। राप्ती नगरपालिकामा १५ हजार ११९ परिवारको गणना हुँदैछ। यस पालिकामा अघिल्लो गणनाभन्दा तीन हजार ६४ परिवार थप भएका हुन्। माडी नगरपालिकामा १० हजार १७८ परिवारको गणना हुने भण्डारीले जानकारी दिनुभयो। यस पालिकामा एक हजार २१८ परिवार वृद्धि भएको छ। जिल्लाको एक मात्र गाउँपालिका इच्छाकामना गाउँपालिकामा छ हजार २०३ परिवारको गणना हुने उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार गाउँपालिकामा एक हजार ४२५ परिवार थपिएका छन्।

भूकम्पपछि पहाडी क्षेत्रबाट धेरै बसाइँसराइ गरी यहाँ आएकै कारण परिवार सङ्ख्या थप भएको अनुमान छ। कार्यालयले जनगणनाअन्तर्गत प्रथम चरणको घर तथा घरपरिवारको सूचीकरण कार्यका आधारमा यो तथ्याङ्क लिएको हो। पहिलो चरणमा २१० जना सुपरिवेक्षाकले भदौ ३० गतेदेखि असोज १८ गतेसम्म स्थलगत अध्ययन गरी ल्याएको तथ्याङ्कका आधारमा एक लाख ४० हजार ७८० घरमा ती परिवार बसोबास गर्दै आएका छन्। ती परिवारमा आगामी कात्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म गणना हुँदैछ। गणनामा ८५७ जना गणक परिचालन हुँदैछन्। उनीहरूले ८४१ गणना क्षेत्रमा काम गर्दैछन्।

अहिले गणनाका लागि गणक छनोटको अन्तिम तयारी भइरहेको छ। केन्द्रीय तथ्याङ्क विभागले छनोट गरेका गणकको प्रमाणीकरण र सक्कल काजगपत्र भिडाउने काम भइरहेको छ। कात्तिक १३ देखि १६ गतेसम्म गणकको तालिम हुनेछ। एक जना सुपरीवेक्षकअन्तर्गत चार गणक रहने व्यवस्था गरिएको छ। एक जना गणकले २५० परिवारको गणना गर्नुपर्ने छ। एक परिवारमा गणकले ८० प्रश्न सोध्नेछन्। एक परिवारमा करिब ४५ मिनेट लाग्ने उहाँले जानकारी दिनुभयो। विसं २०६८ को जनगणनाभन्दा अहिलेको नयाँ प्रविधिबाट गणना हुने भण्डारीले बताउनुभयो।

कार्यालय प्रमुख भण्डारीका अनुसार घर गणना, सामुदायिक प्रश्नावली, पुर्ख्यौली भाषा, मातृ मृत्युदर, बैंक वित्तीय संस्थामा खाता रहेको नरहेको, ऋण लिएको नलिएको, प्राविधिक तथा व्यावसायिक तालिम परिषद्बाट तालिम लिएको नलिएको, कृषि गणनाका लागि आवश्यक तथ्याङ्क सङ्कलनलगायतका तथ्याङ्क गणकले लिनेछन्। गणना सम्पन्न गर्नका लागि जिल्लामा रहेको ९८ वटा वडामा वडास्तरीय सहजीकरण समिति गठन गरी काम भइरहेको उहाँले जानकारी दिनुभयो।

# डोटीमा बाढीपहिरामा मृत्यु हुनेको सङ्ख्या १६ पुग्यो

रासस
डोटी, ४ कार्तिक

बेमौसमी वर्षापछि आएको बाढीपहिरो र डुबानबाट बिहीबार सम्ममा डोटीमा १६ जनाको मृत्यु भएको छ।

जिल्लाको जोरायल गाउँपालिकामा बाढीपहिरामा परी घाइते भएका १५ वर्षीय पुष्कर कामीको उपचारका क्रममा आज मृत्यु भएको इलाका प्रहरी कार्यालय जोरायलले जनाएको छ। जिल्ला प्रहरी कार्यालयका अनुसार कामीको मृत्यु भएसँगै जिल्लामा बाढीपहिराबाट मृत्यु हुनेको सङ्ख्या १६ पुगेको छ। मङ्गलबार र बुधबार मात्रै जिल्लामा बाढीपहिराका कारण मृत्यु हुनेको सङ्ख्या १४ पुगेको थियो।

बिहीबार एक जनाको उपचारका क्रममा मृत्यु भएको र सायल गाउँपालिका-४ मा घर भत्किएर पुरिएका एक जनाको शव भेटिएपछि मृत्यु हुनेको सङ्ख्या १६ पुगेको हो।

प्रमुख जिल्ला अधिकारी शङ्करबहादुर विष्टका अनुसार डोटीमा मात्रै बाढीपहिराका कारण १६ जनाको ज्यान गइसकेको छ। यसैगरी बाढीपहिराका कारण १२ जना घाइते तथा ३५ चौपायाको मृत्यु, २५ घाइते र २० बेपत्ता भएका छन्। विस्थापित घरधुरी सङ्ख्या ११०, विस्थापित नागरिक ५०० तथा दुईवटा झोलुङ्गे पुलमा क्षति भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

# सय रोपनीको धानबालीमा क्षति

पोखरापत्र संवाददाता
बागलुङ, ४ कार्तिक

बागलुङ जिल्लाभर लगातार ४ दिनको वर्षातले १०० रोपनी भन्दा बढी क्षेत्रफलमा लगाइएको धानबाली नष्ट भएको छ। कृषि ज्ञान केन्द्रका अनुसार तराईका जिल्लामा जस्तो ठूलो क्षति नभए पनि झण्डै १०० रोपनी भन्दा बढी क्षेत्रफलमा भएको धानबाली नष्ट भएको र अन्य क्षेत्रमा हावाले ढालेको कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले जानकारी दिनुभयो।

पहाडमा तराईमा जस्तो धान खेत डुवान नभए पनि पाक्न थालेको धानमा पानी र हावाले क्षति पुऱ्याएको हो। जिल्लाका सबै पालिकाबाट यकिन तथ्याङ्क कभने आउन बाँकी रहेको जनाउँदै किसानले दिएको जानकारी अनुसार सय रोपनी क्षेत्रफलमा लगाइएको धानबाली पूर्ण रूपमा क्षति भएको र अन्य स्थानमा आंशिक क्षति भएको उहाँले बताउनुभयो।

"जिल्लाको सबै पालिकाबाट हामीले क्षतिको विवरण सङ्कलन गरिराखेका छौँ" केन्द्र प्रमुख भट्टराईले भन्नुभयो, "पानी बन्द हुन थालेको छ, धेरै खेतमा धान ढालेको जानकारी आएको छ, तर धान उत्पादनमा यस वर्ष वृद्धि हुने लक्ष्य राखेको ज्ञान केन्द्रले बेमौसमी वर्षाका कारण धान खेती घट्ने अनुमान गरेको छ।" जिल्लामा १८ हजार ६०० मेट्रिक टन धान उत्पादन हुने कृषि ज्ञान केन्द्रले अनुमान गरेको छ। घरमा धान भित्र्याउनका लागि काटेर सुकाउनुभएका जिल्लाको निसीखोला गाउँपालिका-५ का नरसिंह घर्तीले साँढे १० मुरी उत्पादन हुने खेतको धानमा क्षति पुऱ्याएको बताउनुभयो। रातको समयमा पानी परेपछि धान जोगाउन नसकेको उहाँको भनाइ छ। मार्सी जातका धान लगाएकाले अरु धान भन्दा छिटो पाकेको हुँदा दशैँलगत्तै काटेर भित्र्याउने चटारोमा रहेका किसान बढी मर्कामा छन्। निसीखोला क्षेत्रमा अधिकांश जडन प्रजातिका धान लागउने भएकाले धेरै क्षति हुन पाएको छैन। मार्सी जातको धान लगाएका किसानलाई भने यो बेमौसमी वर्षाले दुःखी बनाएको छ।

# नाम्खाको तुम्लिङमा फसे चार विदेशीसहित १२ जना

रासस
हुम्ला, ४ कार्तिक

हुम्लाको उत्तरी नाम्खा गाउँपालिकाको हिल्सा र लिमीका पदयात्रामा आएका स्लोभेनियाका चार नागरिक, तीन पथप्रदर्शक र पाँच स्थानीय आइतबारबाट परेको बाक्लो हिमपातले लिमी क्षेत्रको तुम्लिङमा फसेका छन्।

पर्यटकीय क्षेत्र नाम्खा गाउँपालिकाको लिमीको पदयात्रा सकाएर सिमकोट फर्किने क्रममा आइतवार रातिबाट परेको बाक्लो हिमपातले बाटो छिप्लो नसकेपछि उनीहरू तुम्लिङमा रोकिन बाध्य भएको प्रमुख जिल्ला अधिकारी गणेश आचार्यले जानकारी दिनुभयो।

हिमपातको कारण नाम्खा गाउँपालिका-६ को लिमीको न्यालु लेकको बाटो अवरुद्ध हुँदा बाटो छिचोल्न नसकेर विदेशीसहित १२ जना रोकिएका हुन्।